म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक ३०१ | बिहीबार २६ जेठ २०७९ | ने. सं. ११४२ तछलाथ्व | 9 Jun, 2022 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## चिकित्सा शिक्षाको अध्ययन सीटीईभीटीले गर्न नहुनेमा जोड

काठमाडौं, २५ जेठ/ चिकित्सा शिक्षा आयोगका अध्यक्ष प्रा.डा. श्रीकृष्ण गिरीले वैकल्पिक शिक्षाको अध्ययन प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम (सीटीईभीटी) ले गर्न नहुने बताएका छन् ।

बुधबार काठमाडौंमा आयोजना भएको वैकल्पिक चिकित्सा शिक्षाका अवसर र चुनौति विषयक अन्तर्क्रिया कार्यक्रममा बोल्दै अध्यक्ष गिरीले यस्तो बताएका हुन् । उनले पछिल्लो समय सीटीईभीटीले समेत वैकल्पिक चिकित्सा शिक्षाको नाममा अध्ययन गराउने काम हुन थालेकाले त्यस्तो गर्न नहुने बताए । अध्यक्ष गिरीले चिकित्सा शिक्षा अध्यापन गराउनको लागि चिकित्सा शिक्षा अध्यापन गराउन आवश्यक सबै प्रक्रिया पूरा गरेरमात्रै संस्था दर्ता गर्न पाउने व्यवस्था रहेको बताए । उनले कुनैपनि सीटीईभीटी वा अन्य संस्थाले चिकित्सा शिक्षा अध्यापन गराउने हो भने सुरुमा नै चिकित्सा शिक्षा पढाउनका लागि आवश्यक प्रक्रिया पूरा गरेर संस्था दर्ता गराउनु पर्ने बताए । -साभारः रातोपाटी

### अलपत्र विद्यालय भर्ना अभियान

# मुख्यमन्त्री र मन्त्रिकै छोराछोरी विद्यालय भर्ना भएनन्

साझाकुरा संवाददाता

हेटौंडा, २५ जेठ/ २०७५ साल वैशाख ५ गते बागमती प्रदेशका तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेलले मकवानपुरको दुई जना बालबालिकाको अभिभावकत्व ग्रहण गरे । सरकारले २०७५ सालमा विद्यालय भर्ना अभियान सञ्चालन गरेपछि तत्कालीन समयको बागमती प्रदेशका मुख्यमन्त्री पौडेलले पनि दुई जना बालबालिकाको अभिभावकत्व ग्रहण गर्दै विद्यालय भर्ना गराएका थिए ।



कुनैपनि बालबालिका विद्यालय बाहिर रहन नपरोस् भन्दै सरकारले नै देशैभरि भर्ना अभियान सञ्चालन गरेको थियो । सरकारले भर्ना अभियान सुरु गरेपछि देशैभरि प्रधानमन्त्री, मन्त्रिहरु, मुख्यमन्त्री, पालिका अध्यक्ष, वडाध्यक्षदेखि विभिन्न व्यक्तिले अभिभावकत्व ग्रहण गर्ने भन्दै बालबालिकालाई विद्यालय भर्ना गर्न पुऱ्याए । सोही समयमा पूर्वमुख्यमन्त्री पौडेलले पनि पश्चिम मकवानपुरको मनहरी गाउँपालिकाको आर्थिक अवस्था कमजोर रहेका तामाङ र सीमान्तकृत चेपाङको छोराछोरीको अभिभावकत्व ग्रहण गर्दै विद्यालय भर्ना गराएका थिए ।

उनले मनहरी गाउँपालिका-६ का ६ वर्षीय सञ्जित ब्लोन र जेसिका प्रजालाई सुनाचुरीस्थित राष्ट्रिय माध्यमिक विद्यालयको कक्षा १ मा भर्ना गराउँदै सरकारले सञ्चालन गरेको भर्ना अभियानको सुरुवात गरेका थिए । पौडेलले ती बालबालिका आफ्नो छोराछोरी रहेको भन्दै विद्यालय पोशाक, जुत्ता, स्कुल ब्याग, पुस्तकलगायत स्टेशनरी सामग्रीसमेत व्यवस्था गरि दिएका थिए ।

विद्यार्थी भर्नापछि बोल्दै पौडेलले बालबालिकाले पढ्न पाउने अधिकारलाई सरकारले निकै गम्भीर ढंगबाट लिएको भन्दै प्रदेश सरकारले पनि यो अभियानलाई महत्वपूर्ण रुपमा लिएको बताएका थिए । शिक्षाबिना विकास र समृद्धि सम्भव नभएको भन्दै उनले शिक्षाको उज्यालोबाट कुनैपनि बालबालिका बञ्चित हुन नहुने धारणासमेत राखेका थिए । तर, उनको यो अभिव्यक्तिले अहिले उनलाई नै गिज्याइरहेको छ । पौडेलले भर्ना गराएका बालबालिका यतिबेला विद्यालयमा नै छैनन् । आर्थिक अभावको कारण विद्यालय जान नपाएका बालबालिकालाई मुख्यमन्त्रीले आफ्नो छोराछोरी बनाउँदै विद्यालय भर्ना गराइदिएपछि उनीहरुको अभिभावक पनि खुशि थिए । तर, उनीहरुको खुशी लामो समयसम्म रहेन । विद्यालयका प्रधानाध्यापक सूर्यबहादुर मोक्तानका अनुसार पूर्वमुख्यमन्त्री पौडेलले ती बालबालिकालाई विद्यालय भर्ना गराएपश्चात् एक/दुई पटकमात्रै थप अध्ययन सामग्री उपलब्ध गराएका थिए ।

त्यसपछि पौडेलले न बालबालिकालाई आवश्यक सामग्री उपलब्ध गराए न त उनीहरुको बारेमा चाँसो नै राखे । 'विद्यालयमा भर्ना गराएपछि उहाँले एक/दुई पटक उनीहरुलाई पढ्न आवश्यक सामग्री पठाउनुभयो । एक वर्षसम्म चासो राखेको भएपनि त्यसपछि बालबालिकाको बारेमा सोधिखोजी नै भएको छैन', प्रधानाध्यापक मोक्तानले भने ।

उनले पूर्वमुख्यमन्त्री पौडेलले बालबालिकाबारे चासो नै दिन छोडेपछि उनीहरुको पढाइको लागि आवश्यक पर्ने सामग्री विद्यालयले नै व्यवस्था गरेको थियो । तर, पछिल्लोपटक भने उनीहरु विद्यालय नै आएका छैनन् । मोक्तानले अघिल्लो वर्षमा विद्यालय भर्ना भएर पढेको भएपनि अहिले भने उनीहरु भर्ना नभएको बताए । उनले ती बालबालिका कहाँ पुगे भन्ने जानकारी आफूहरुलाई पनि नभएको भन्दै विद्यालयले खोजी कार्य गर्ने बताए । सोही विद्यालयमा बागमती प्रदेशसभा सदस्य ओम ग्लानले पनि सुनिल चेपाङको अभिभावकत्व ग्रहण गरेका थिए ।

उनले पनि सुनिलको पढाईको लागि ठूलो सहयोग नगरे पनि बेलाबखत विद्यालयमा बुझ्न भने पुग्ने गरेका छन् । प्रधानाध्यापक मोक्तानले सांसद् ग्लान समय समयमा सुनिलको पढाई बुझ्न विद्यालय आउने गरेको बताए ।

संघीय सरकारको वर्तमान स्वास्थ्यमन्त्री विरोध खतिवडाले पनि मकवानपुरको दुई जना बालबालिकाको अभिभाकत्व ग्रहण गरेका थिए । मकवानपुरको महेन्द्रकिरण माविमा भर्ना गराउदै उनले दशवीन थिङ र विश्वास थोकरको अभिभावकत्व लिएका थिए । उनीहरु दुवैजना अहिले पनि विद्यालयमा अध्ययनरत् रहेको विद्यालयले जनाएको छ ।

मन्त्री खतिवडाले पनि बालबालिकाको पढाईको लागि खासै सहयोग गरेका छैनन् । तर, पनि मन्त्री खतिवडाले बेलाबखत उनीहरुको पढाईको बारेमा भने सोध्ने गरेको विद्यालयका प्रधानध्यापक राधालाल मण्डलले जानकारी दिए ।

उनले विद्यालय भर्ना गराएपछि खतिवडा एकपटक पनि ती बालबालिका भेट्न विद्यालय नपुगेको बताए । उनले भर्नापश्चात् आफ्नो सन्तान भनिएको बालबालिकाको पढाईको लागि एकपटकमात्रै खर्च पठाएका थिए । बागमती प्रदेशको तत्कालीन आर्थिक मामिला तथा योजना मन्त्री कैलाश ढुंगेलले पनि दुईजना बालबालिकाको अभिभावकत्व ग्रहण गर्दै विद्यालय भर्ना गराएका थिए । उनले रैतहट घर भएका निराकर रायमाझी र लिलाकर रायमाझीको अभिभावकत्व ग्रहण गरेका थिए ।

ढुंगेलले उनीहरुलाई हेटौंडा-२ स्थित सिद्वार्थ माविमा भर्ना गराएका थिए । उनीहरुको पढाई खर्च व्यहार्ने भन्दै अभिभावकत्व ग्रहण गरेर विद्यालय भर्ना गराएका ढुंगेलले त्यसयता ती बालबालिकाको खोजी गरेका छैनन् । मन्त्रीको छोराछोरी बनेर विद्यालय भर्ना भएका उनीहरु अहिले कहाँ छन् भन्ने कुरा विद्यालयलाई समेत थाहा नभएको विद्यालयका प्रधानाध्यापक मोहन शर्मा बताउँछन् । 'मन्त्रीज्युले अभिभावकत्व ग्रहण गर्छु भनेर दुई बालबालिकालाई विद्यालयमा भर्ना गराउनुभयो । तर, त्यसपछि उहाँले उनीहरुको पढाईमा खासै चासो दिनुभएन । अहिले त हामीलाई पनि उनीहरु कहाँ छन् भन्ने थाहा छैन', उनले भने । प्रधानध्यापक शर्माले ती बालबालिकाले अघिल्लो वर्षको परिक्षासमेत दिएका छैनन् भने अहिले भर्ना भएका छैनन् । उनीहरु कहाँ छन् भन्ने कुरा विद्यालयलाई जानकारी समेत नभएको उनी बताउँछन् ।

सरकारले भर्ना अभियन सञ्चालन गर्दा आर्थिक अभावको कारण विद्यालय पुग्न नसकेका बालबालिकाको पढाईको खर्च व्यहोर्ने भन्दै बालबालिकालाई विद्यालयमा भर्ना गर्नेको भीड थियो । सामाजिक सञ्जालदेखि पत्रपत्रिकासम्म उच्च पदस्थ नेताहरुले अभिभावकत्व ग्रहण गरेको विषयले चर्चा पायो । ४ वर्षअघि धुमधामसँग अभिभावकत्व ग्रहण गर्दै विद्यालयमा भर्ना भएका कयौं बालबालिका र विद्यालयको सम्बन्ध नै टुटिसकेको छ ।

तामझामसहित प्रचार प्रसार गर्दै बालबालिकाको अभिभावकत्व ग्रहण गरेका नेताहरुलाई उनीहरुले आफ्नो सन्तान मानेका बालबालिका कहाँ पुगे भन्ने अत्तोपत्तो छैन । अभियानको क्रममा विद्यालय पुगेर भर्ना गराएपछि बालबालिकासँगै सरकारले सञ्चालन गरेको विद्यालय भर्ना अभियान अलपत्र परेको छ ।

## अशक्त युवकलाई ह्वीलचेयर प्रदान

साझाकुरा संवाददाता

हेटौंडा, २५ जेठ/ हेटौंडाका एक अशक्त युवकलाई जीवनयापनमा सहज बनाउन ह्वीलचेयर सहयोग गरिएको छ ।

शारीरिकरुपमा अशक्त भई दैनिक जीवनमा समस्या व्यहोर्दै आएका हेटौंडा-१७ का १६ वर्षीय भोजराज घिमिरेलाई हेटौंडा उपमहानगरपालिकाले ह्वीलचेयर दिएको हो । उपमहानगरको महिला तथा बालबालिका महाशाखाको समन्वयमा नगर प्रमुख मीनाकुमारी लामाले ह्वीलचेयर हस्तान्तरण गरेकी हुन् । अशक्त घिमिरेलाई घर बाहिरको वातावरणमा हिँड्डुल गर्न सहज बनाउन सहयोग सामग्री हस्तान्तरण गरिएको महिला तथा बालबालिका विकास महाशाखाका प्रमुख जगन्नाथ सापकोटाले बताए ।

ह्वीलचेयर भोजराजका बुवा कृष्णप्रसादले बुझेका थिए । उनले उपमहानगरले दिएको सामग्रीले छोरालाई बाहिरी वातावरणमा हिँड्न सहज भएको भन्दै खुशी भए । उपमहानगरले चालु आर्थिक वर्ष २०७८/०७९ मा हालसम्म नगरका विभिन्न वडामा गरेर शारीरिकरुपमा अशक्त भएकाहरुलाई ७० वटाभन्दा बढी ह्वीलचेयर दिइएको महाशाखा प्रमुख सापकोटाले जानकारी दिए ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरुः
- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

स्थानीय तह सहीद स्मृति गोल्डकप
अन्तर्राष्ट्रिय फुटबल प्रतियोगिता
चौंथो संस्करण-२०७९ मकवानपुर
सहभागी टिमहरु: मनाङमर्स्याङ्दी क्लब, त्रिभुवन आर्मी क्लब, नेपाल पुलिस क्लब, एपीएफ क्लब, फ्रेण्डस् क्लब, खुमलटार युथ क्लब, नव जनजागृती क्लब सिमरा, बागमती युवा क्लब सर्लाही, विजय युथ क्लब हेटौंडा, बीएफसी चितवन, एभिनियर एफसी क्यामरुन र चर्चब्वाइज क्लब
२०७८ जेठ १९ देखि ३० गतेसम्म
स्थान : पिप्ले क्याम्पा रंगशाला खेल समय : दिउँसो ३ बजे,
मुख्य प्रायोजक : हेटौंडा उपमहानगरपालिका, थाहा नगरपालिका, बागमती गाउँपालिका, बकैया गाउँपालिका, मकवानपुरगढी गाउँपालिका, इन्द्रसरोबर गाउँपालिका, राक्सिराङ गाउँपालिका, भीमफेदी गाउँपालिका, कैलाश गाउँपालिका, मनहरी गाउँपालिका र जिल्ला समन्वय समिति मकवानपुर
विशेष सहयोगी : प्रदेश खेलकुद विकास परिषद् बागमती प्रदेश, हेटौंडा
पुरन बहादुर जोशी
हटौंडा स्कुल अफम्यानेजमेन्ट
आयोजक: मकवानपुर जिल्ला फुटबल संघ हेटौंडा

हेटौंडालाई Green City बनाउने उद्देश्यसहित
सुन्दर नगरी हेटौंडामा बिक्री
शुभारम्भ
YADEA e-SCOOTERS






Offer
रू.१०,०००।-
नगद छुट

YADEA e-SCOOTER का विशेषताहरुः
- Full Charge गर्न ४-५ घण्टा लाग्ने ।
- Full Charge ले १०० किमी कुद्ने ।
- २००० वाट क्षमता भएकोले एकपटक Full Charge गर्दा १.५ युनिट विद्युत् खपत ।
- ट्यूबलेस टायर
- ब्याट्रिमा एक वर्ष वारेन्टी

बर्षा ई-अटोमोबाइल्स
हेटौंडा-२, चौकीटोल (भाटभटेनी नजिकै)
प्रो. सबी भण्डारी ९८५५०६७४६०

साझाकुरा

## हाम्रो कुरा

# चालकलाई स्वास्थ्य परीक्षण र दुर्घटना न्यूनीकरण प्रशिक्षण गर

नेपालमा हुने गरेको सवारी दुर्घटनामध्ये चालकको लापरबाहीका कारण धेरै हुने गरेको तथ्याङ्कमा पाइन्छ । सवारी दुर्घटना हुनुमा मानवीय कारणले ९० प्रतिशत र बाँकी अन्य कारणले हुने गरेको तथ्याङ्क छ । मानवको कारणले हुने गरेको दुर्घटनामा पनि चालकको गल्ती बढी देखिएको छ । चालक बाहेक सडकमा विस्कुन सुकाउने, पशुचौपाया छाडा छोड्ने, यात्रुले जथाभावी बाटो काट्ने मानिसहरुको कारण पनि दुर्घटना ज्यादा छ । सवारीको यान्त्रिक गडबडीका कारण कम नै दुर्घटना भएको देखिन्छ । तर, त्यो कारणलाई पनि चालक अलि संवेदनशील हुने हो भने अझै न्यूनीकरण हुने देखिन्छ ।

सवारी दुर्घटनामा मानवीय कारण न्यूनीकरण गर्न सबैभन्दा पहिला चालकलाई सचेत बनाउनु जरुरी छ । चालकलाई सचेत बनाउने क्रममा पहिलो चालकको स्वास्थ्य अवस्था ठीक हुनुपर्छ । त्यसपछि चालकले गर्ने मादक पदार्थ सेवन (मापसे) रोक्ने हो । चालकले लापरबाहीले मापसे गर्दा सवारी दुर्घटना हुँदा सार्वजनिक यातायातमा धेरै जनधनको क्षति भइरहेको छ । यसलाई न्यूनीकरण गर्न नियमित रुपमा मापसे चेकजाँच कार्यलाई अगाडि बढाउनु पर्दछ । त्यससंगै, चालकको व्यक्तिगत स्वास्थ्यको अवस्था जस्तै उच्च रक्तचाप, मधुमेह, आँखाको कमजोरीलगायत कारणले चालकले जुनसुकै बेलामा पनि सवारी साधन हाँक्न नसक्ने अवस्था सिर्जना हुनुपर्छ । अतिरिक्त चालक व्यवस्था नहुनुले सकिनसकी सवारी चलाएर गन्तव्य पुऱ्याउन खोज्ने प्रवृत्तिले दुर्घटना हुने गरेको पाइन्छ ।

यसअघि यातायात व्यवसायीहरुको देशमै ठूलो संस्था नारायणी यातायात व्यवसायी संघको सहयोगमा ट्राफिक प्रहरीले सचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आएको थियो । संघहरुले दुर्घटनाका कारण वर्षेनि करोडौं क्षतिपूर्ति र उपचार खर्च व्यहोर्दै आएको उदाहरण हामीसामु छ । त्यसैले दुर्घटनाबाट कसैले ज्यान गुमाउनु नपरोस्, संघहरुको खर्च जोगियोस्, ट्राफिक र प्रहरीले अनावश्यक सास्ती खेप्नु नपरोस् भन्नका लागि चालकहरुको नियमित स्वास्थ्य परीक्षण, मापसे नियन्त्रण गर्ने र सवारीको नियमित यान्त्रिक परीक्षण कार्यलाई संस्थागतरुपमा अगाडि बढाउनु अपरिहार्य भइसकेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ जेठ २७ गते शुक्रबार १० जुन २०२२ । जेष्ट शुक्लपक्ष्य एकादशी । तछलाथ्व एकादशी ११४२ । सुर्योदय: ५:०९, सुर्यास्त: ६:५७ मा हुनेछ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : प्रतिभाका कार्यमा सफलता मिल्नेछ | तुला | : सवारी साधनबाट क्षति हुन सक्नेछ |
| वृष | : सन्तानबाट सन्तोष मिल्नेछ | वृश्चिक | : व्यापारमा नयाँ योजना बन्नेछ |
| मिथुन | : कल्याणकारी कार्यको अवसर मिल्नेछ | धनु | : साथीभाइमा मनमुटाव हुनेछ |
| कर्कट | : व्यापार-व्यवसाय सामान्य रहनेछ | मकर | : धार्मिक कार्यबाट प्रगति हुनेछ |
| सिंह | : जीवनसाथीसँग मतभेद हुनसक्नेछ | कुम्भ | : सहयोग गर्ने भावना आउनेछ |
| कन्या | : आध्यात्मिक चेतना प्राप्त हुनेछ | मीन | : यात्राको लागि सुखद देखिन्छ |

# राप्रपाले प्रस्ट्याउनुपर्ने राजतन्त्र

प्रत्येक देशभक्त नागरिकले आफ्नो नागरिक धर्म निभाउने बेला आएको छ । देशलाई क्षयीकरण गर्ने दलहरूलाई बहिष्कार गर्दै बालेन-हर्कजस्ता स्वतन्त्र र राप्रपाजस्ता साना दलहरूलाई साथ समर्थन गरेर यी नक्कली दलहरूको बलियो विकल्प निर्माण गर्नु नै आजको नागरिक धर्म हो ।



✍ महेश्वर आचार्य

स्थानीय निर्वाचनको परिणाम सार्वजनिक भइरहँदा नेपाली राजनीतिमा एउटा सकारात्मक तरङ्ग देखिएको छ । देशको राजधानी जस्तो महत्वपूर्ण महानगर प्रमुखमा कांग्रेस र एमालेका दरिला प्रतिस्पर्धीहरूलाई पछि पार्दै स्वतन्त्र उम्मेदवार बालेन्द्र शाह भारी मतले विजय भए । धरान उपमहानगरमा स्वतन्त्रकै हर्क साम्पाङ राई विजय भए भने धनगढीमा गोपाल हमाल, जनकपुरमा मनोजकुमार साह, बर्दिबासमा प्रह्लाद क्षेत्री लगायत करिब एक दर्जन स्वतन्त्र व्यक्ति पालिका प्रमुख बने । सयौं वडाअध्यक्ष र सदस्य विजय भए । यो नेपाली समाजमा अपेक्षित परिणाम थिएन । यसले अहिलेसम्म चलेको राजनैतिक दलहरूको सिन्डिकेटलाई ठूलो चुनौती दिएको छ ।

### *हारभित्र देखिएको जितको संकेत*

जितेकाहरूको चौतर्फी चर्चा हुन्छ, हारेकाहरूको कतै पनि हुँदैन । निर्वाचन आयोगकै वेबसाइटमा स्थानीय निर्वाचनको मतपरिणाम सार्वजनिक गरिएको खाकामा प्रमुख चार दलबाहेक अरु दलहरूको मतपरिणामलाई 'अन्य' मेनुभित्र राखिदिएको छ । ती चारबाहेक अन्य कुनै दलको देशभरको परिणाम खोज्न पालिकापिच्छे एक-एक गरेर खोज्दै र जोड्दै जानुपर्छ । एउटा दलको देशभरको परिणाम निकाल्न कम्तीमा एक घण्टा लाग्छ । यो निर्वाचनमा हार्ने दल तथा उम्मेदवारहरूले पनि केही सकारात्मक सन्देश दिएका छन् । भर्खरै कमल थापाले छोडेको राप्रपाले अपेक्षाभन्दा बढी मत प्राप्त गर्यो । राप्रपाका प्रवक्ता मोहन श्रेष्ठका अनुसार राप्रपाले ४ पालिका प्रमुख, ४ उपप्रमुख, ६५ वडाअध्यक्ष र ३५७ ओटा वडा सदस्य जितेको छ ।

साथमा रूपन्देहीको सिद्धार्थनगर उपमहानगर, मकवानपुरको हेटौंडा उपमहानगर, कपिलवस्तुको कृष्णनगर नपा, धनुषाको गणेशमान चारनाथ नपालगायत अन्य पाँच गाउँपालिकामा दोस्रो स्थानमा र बाँकेको नेपालगन्ज उपमहानगर, सुर्खेतको वीरेन्द्रनगर उपमहानगर र दाङको घोराही उपमहानगरजस्ता ठाउँहरूमा तेस्रो स्थानमा रहेको छ । यो आँकडाले राप्रपा एउटा उदाउँदो शक्ति हो भन्न सकिन्छ । प्रवक्ता श्रेष्ठका अनुसार यो पटक राप्रपाको लक्ष्य ३० ओटा पालिका जित्ने थियो । सफल नहुनुमा गठबन्धन कारक रहेको उहाँको निष्कर्ष थियो । यदि गठबन्धन हुँदैनथ्यो भने यी दोस्रो र तेस्रो स्थानमा रहेका पालिकामा राप्रपाले जित्ने उहाँको दाबी छ ।

साथै देशका अन्य धेरै भागहरूमा बागी वा स्वतन्त्र उमेदवारहरूले जित्न नसके पनि अपेक्षाभन्दा बढी मत प्राप्त गरेको देखिन्छ । भरतपुरमा जगन्नाथ जस्ता अडान भएका कार्यकर्ता पनि देखिए, जसले दलीय दासत्वबाट मुक्त हुने हिम्मत राखे । वास्तवमा जगन्नाथले हारेर पनि जितेका छन् । यी तथ्यहरूले नेपालीहरूको निराशामा केही आशाका किरणहरू छर्दिएका छन् । वर्तमान दलहरूको विकल्प छ भन्ने सन्देश दिएका छन् । आगामी निर्वाचनमा यो प्रवृत्ति बढ्ने देखिन्छ ।

यसले नयाँ शक्तिको उदय गराउनेछ भने पुराना शक्तिलाई सच्चिन बाध्य पार्नेछ । साथै काठमाडौंले मधेसी मूलको व्यक्तिलाई मेयर स्वीकार गर्दो रहेछ, धरानमा बसेर जातीय मुद्दालाई गलत हो भन्ने मान्यता बोकेका हर्क राई विजय हुन सक्दा रहेछन्, वीरगञ्जमा नेवार समुदायका राजेशमान सिंहको विजय सम्भव रहेछ भन्ने अनुपम उदाहरण यो निर्वाचनले पेस गरेको छ । जनता-जनताका बीच कुनै वैरभाव नरहेको यो एउटा ठोस प्रमाण हो । जनताका बीच कृत्रिम वैरभाव सिर्जना गर्ने काम दलहरूले आफ्नो 'फुटाऊ र राज गर' नीतिअन्तर्गत गरिरहेका रहेछन् भन्ने तथ्य स्पष्ट भएको छ । त्यस हिसाबले पनि यो निर्वाचन विशेष छ ।

### *काम गरेर देखाउन चुनौती*

जनताले पटक-पटक यसरी अवसर दिँदैनन् भन्ने कुरा इतिहास साक्षी छ । पहिलो संविधानसभामा सबैभन्दा ठूलो दल बनेको माओवादीको अहिलेको अवस्था हेरे पुग्छ । गठबन्धनको कृत्रिम वैशाखी चढेर तेस्रो दल बन्न सफल माओवादी केन्द्र एक्लै प्रतिस्पर्धामा उत्रेको भए उसको स्थान पाँचौं वा छैटौं दलमा पुग्ने निश्चित थियो । त्यो समयमा आफ्ना कार्यकर्ताले मात्र मत दिएर एक नम्बरको दल बनेको थिएन माओवादी । अहिले बालेन शाह र हर्क राईलाई भोट दिने खालका तप्काले समेत मत दिएका थिए, उनीहरूको सिद्धान्तमा सहमत भएर होइन कि कांग्रेस, एमालेको व्यवहारबाट आजित भएका जनताले एकपटक हेर्नुपर्छ भनेर एक मौका दिएका थिए ।

हाल साना दल र स्वतन्त्रबाट जितेका जनप्रतिनिधिहरूलाई काम गरेर देखाउन फलामको चिउरा चपाए जस्तै कठिन छ । एक त उनीहरूसँग अनुभव छैन, दोस्रो उनीहरू टिममा एक्ला छन् । ठूला दलबाट जितेर आएका उमेदवारहरूले गर्ने असहयोग उनीहरूको प्रमुख चुनौती हो । औपचारिक रूपमा केही ठूला दलका नेताहरूले शुभकामना दिए पनि उनीहरूकोभित्री खेल यी नवआगन्तुकहरूलाई जोकर बनाएर राजनैतिक वृत्तबाट बाहिर गलहत्याउने हुनेछ । वर्षौंदेखि आलोपालो सत्ताको भोग गरिरहेका दलहरूलाई आफूहरूको सिन्डिकेट तोडिने हो कि भन्ने ठूलो चिन्ताको विषय बनेको छ । टिममा एक्ला उमेदवारहरूलाई नागरिकले दरिलो साथ र समर्थन दिनुपर्ने बेला आएको छ । जनताले जिताएर मात्र आफ्नो कर्तव्य पूरा भएको ठान्ने अवस्था छैन । जनताको प्रत्यक्ष खबरदारीबिना ती मतहरूले सार्थकता पाउने देखिँदैन ।

### *समन्वय र संगठनको आवश्यकता*

दलहरूको असहयोगबाट बच्ने प्रमुख उपाय स्वतन्त्र तथा साना दलहरूले कार्यगत एकता गर्ने, एक अर्कामा समन्वय गर्ने र जनताको नजिक बसेर काम गर्ने उपाय अपनाउनु उपयोगी हुन सक्छ । देशभरका यस्ता शक्तिहरूको एउटै संयन्त्र बनाउन सकिन्छ । सामाजिक सञ्जालमा जोडिन सकिन्छ । आ-आफ्ना अनुभव तथा सल्लाह सुझाव आदान प्रदान गर्ने, ती कुराहरू जनतालाई जानकारी गराउने र जनताको सुझाव तथा साथ समर्थनको आह्वान गर्ने रणनीतिले दलहरू केही मत्थर हुन सक्छन् । काठमाडौंका मेयर बालेन शाहले कार्यपालिका बैठक लाइभ गर्नु सकारात्मक कदम हो । काममा असहयोग गर्नेहरूलाई जनताले पहिचान गर्नेछन । त्यसैले सबैले लाइभ गर्न नसके पनि त्यस्ता महत्वपूर्ण बैठकहरूको भिडियो बनाई सामाजिक सञ्जालमा राख्दा पनि केही प्रभावकारी हुने देखिन्छ । यसको अर्को सकारात्मक पाटो भविष्यमा यही सञ्जालभित्रबाट एउटा बलियो वैकल्पिक शक्ति जन्मने समेत प्रबल सम्भावना देखिन्छ ।

### *साना दल तथा धार्मिक संघसंस्थाहरू एकीकरणको आवश्यकता*

हाल निर्वाचन आयोगमा ११२ ओटा राजनैतिक दलहरू दर्ता भएका देखिन्छन् । तीमध्ये करिब एक दर्जन दलहरूको नाम अधिक जनताले सुनिसकेका होलान्, बाँकी गुमनाम छन् । यति सानो देशमा यत्राविधि दलहरू जरुरी छैनन् । हुन सक्छ कुनै दलहरू पुराना दलहरूको सिको गर्दै पैसा कमाउन, शक्ति आर्जन गर्न पनि खुलेका होलान् यद्यपि अधिकांश दलहरू पुराना राजनैतिक शक्तिको प्रवृत्ति चित्त नबुझेर वैकल्पिक शक्ति बन्न खुलेका हुन् । अर्को एउटा सम्भावना के छ भने ती करिब एक सय दल एक अर्कोमा गाभिने र जम्मा ४-५ ओटा दलमा परिणत हुने हो भने यिनीहरूले पनि एउटा गति समाउन सक्छन् । त्यसैले उदाउँदा वैकल्पिक शक्तिहरूले यो अभियानबारे सोच्न जरुरी छ । ससाना दलहरू पनि गतिहीन भएर बस्नुभन्दा आफू नै अध्यक्ष बन्ने लालच छोडेर सामूहिक नेतृत्व खोज्नतर्फ लाग्नु बुद्धिमानी हो ।

आफैं मात्र अध्यक्ष वा प्रमुख बन्न खोज्ने महत्वाकांक्षाले सनातनवादी धार्मिक संघसंस्थाको पनि परिणाम देखिन सकेको छैन । विदेशी विधर्मी धर्म मिसिनरीले चौतर्फी आक्रमण गरिरहँदासमेत उपयुक्त प्रतिकार हुन नसक्नु नेपाली सनातनवादीहरूको आफैं धार्मिक नेता बन्नुपर्ने महत्वाकांक्षा हो । देशभर वैदिक सनातन धर्मको जगेर्ना गर्ने भनेर खुलेका सयौं संघसंस्था एकीकृत भएर एउटै संगठनमा परिणत हुने हो भने नेपाललाई हिन्दु राष्ट्र बनाउन कुनै दलको जरुरी नै पर्दैन साथमा हाम्रो धर्म संस्कृतिमाथिको अतिक्रमण रोक्न सहजै सकिन्छ ।

### *राप्रपाले प्रस्ट्याउनुपर्ने राजतन्त्र*

देशको सार्वभौम शक्ति देशभित्रै रहनुपर्छ भन्ने सकारात्मक मान्यता बोकेको र यो निर्वाचनमा एउटा उदाउँदो शक्तिको रूपमा स्थापित भएको राप्रपालाई थप शक्तिशाली बन्न उसले आफ्नो जनमत बढाउनुपर्ने देखिन्छ । राप्रपाको एजेन्डा 'राजतन्त्र'प्रति अधिकांश जनताको बुझाइमा एकरूपता पाउन सकिँदैन । यस स्तम्भकारले गरेको विशेष अध्ययनअनुसार विभिन्न पेसाकर्मी, वर्ग, जाति र भूगोलका जनताहरूले राप्रपाले सक्रिय राजतन्त्र चाहन्छ भन्ने बुझेको पनि पाइयो । कसै कसैले पूर्वयुवराज पारस शाहलाई हुनेवाला राजाको रूपमा स्वीकार्न नचाहेको पनि भेटियो भने कसै कसैले त पूर्वराजा ज्ञानेन्द्र टेस्टेड फेल भइसकेको व्यक्ति हुनाले र पूर्वयुवराज पारस शाह अयोग्य भएकाले सिधै पारस पुत्र फदयेन्द्र शाहलाई राजा बनाउनुपर्ने रायसमेत व्यक्त गरे । यदि त्यसो गर्ने हो भने राप्रपाप्रति जनमत ह्वात्तै बढ्ने उनीहरूको दाबी छ ।

यो जिज्ञासा राप्रपाका प्रवक्ता मोहन श्रेष्ठलाई राख्दा उहाँले राप्रपाले हालसम्म पूर्वराजा ज्ञानेन्द्र शाहलाई नै राजा बनाउनुपर्छ भन्ने मान्यता राखेको प्रस्ट पारे । विदेशीको कोपभाजनमा परेका, जनताको रगत बग्ला भन्ने पिरले खुरुक्क राजगद्दी त्यागेका र दलहरूले एउटा सम्झौता गरेर धोका दिएका उहाँ एक पीडित पात्र भएकाले उहाँले न्याय पाउनुपर्ने श्रेष्ठको तर्क थियो । यद्यपि राप्रपा सक्रिय नभई सेरेमोनियल, आलंकारिक वा के शब्दमा राष्ट्रिय सहमति जुट्छ त्यही नाममा सहमत हुने र राजतन्त्रलाई संसद्को मातहतमा राख्नसमेत आफूहरू तयार रहेकाले उत्तराधिकारी पनि संसद्ले तोक्न सक्ने सम्भावना भने रहेको उहाँले बताउनुभयो । संसद्ले तोक्ने त्यस्ता उत्तराधिकारी राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको वंशज चाहिँ अनिवार्य हुनुपर्ने राप्रपाको सर्त छ ।

### *देशको विकासभन्दा रक्षा ठूलो चिन्ता*

आर्थिक विकास कुनै पनि राष्ट्रका लागि अनिवार्य सूचक हो । समृद्धि प्राप्त नहुन्जेल सुशासनका कुरा फगत गफ मात्र हुन् यद्यपि देशको रक्षा विकासभन्दा प्राथमिकतामा पर्ने कुरा हो । दु:खका साथ भन्नुपर्छ हामी अहिले त्यही स्थितिमा छौं । इतिहासदेखि नै वैदेशिक हस्तक्षेपको चपेटामा परेको मुलुक गणतन्त्र लागू भइसकेपछि यस्तो हस्तक्षेप झन् बढेर चरम सीमामा पुगेको छ । देशको सार्वभौमशक्ति नारायणहिटीबाट सरेर जनतामा आउने अपेक्षा विपरीत नारायणहिटीबाट सरेर दिल्ली, वासिंटन डिसी, युरोप, चीन र विभिन्न चर्चहरूमा छरिएको छ । देशका लागि योभन्दा ठूलो दुर्भाग्य अरु हुन सक्दैन । ती वैदेशिक शक्तिहरूले नेपालमा कहिले पनि राजनैतिक स्थिरता आउन दिने छैनन् । किनकि अस्थिरता नै उनीहरूको लक्ष्य हो ।

व्यवस्थाले स्थिरता प्राप्त गर्न संविधान र व्यवस्थाप्रति जनताको अपनत्व रहनुपर्ने अनिवार्य सर्त हो । हाम्रो संविधानमा संघीयता, धर्म निरपेक्षता र गणतन्त्र जनताका माग होइनन् । अहिले पनि यी मुद्दामा जनमत संग्रह गर्ने हो भने बहुसंख्यक जनताले यी मुद्दालाई अस्वीकार गर्ने विभिन्न अनौपचारिक सर्वेक्षणले देखाएका छन् । मुलुकको बहुसंख्यक तप्कालाई रुष्ट बनाएर, यति संवेदनशील मुद्दाहरूमा अल्पसंख्यक वा विदेशीका एजेन्डा लादेर त्यो व्यवस्थामा जनताको अपनत्व खोजेर पाइँदैन । जनताको अपनत्व नरहेसम्म राजनीतिले स्थिरता प्राप्त गर्न सक्दैन ।

त्यसमाथि जनताले २०६३ सालदेखि २०७९ साल अर्थात् १५ वर्षसम्म यी मुद्दाले निम्त्याएका विकृति र विनाश देखिसकेका छन् । समृद्धि प्राप्त हुन्छ कि भन्ने अपेक्षाले जनताले अहिले सम्म जबर्जस्ती लादिएको व्यवस्थाप्रति मौन बसे यद्यपि समृद्धि त प्राप्त भएन नै, हामीसँग पहिलेदेखि रहेका 'राष्ट्रिय एकता', 'विविधतामा एकता', 'अखण्डता' र 'मौलिकता र धर्म संस्कृति परम्परा'समेत गुमाउनुपर्ने अवस्था आयो । अब केका लागि यी दलहरूलाई थप समय दिनुपर्ने हो र कति समयमा यिनीहरूले समृद्धि ल्याउने हुन् यस्तो अनिश्चिततामा देशलाई छोड्नु हुँदैन । त्यसैले मुलुकले स्थिरता र समृद्धि प्राप्त गर्न सर्वप्रथम विदेशतिर छरिएको सार्वभौम शक्तिलाई देशभित्र फर्काउनु आजको आवश्यकता हो ।

### *हाम्रो आफ्नै राजनैतिक सिद्धान्त आवश्यक*

समयको कुनै कालखण्डमा आ-आफ्नो देशमा सान्दर्भिक ठहरिएका सिद्धान्त र नेताहरू तत्तत् कालखण्डमा तत्तत् मुलुकमा उपयोगी रह्यो भन्दैमा समयको यत्रो अन्तरालपछि जुनसुकै मुलुकमा पनि उत्तिकै सान्दर्भिक नरहन सक्छ । देशको माटो, भौगोलिक अवस्थिति, जनताहरूको प्रकृति र अन्तर्राष्ट्रिय राजनीति आदिले देशलाई कस्तो राजनैतिक दर्शन चाहिन्छ भन्ने कुरा निर्धारण गर्दछ, गर्नुपर्दछ । महात्मा गान्धी, माओसेतुङ, कार्ल मार्क्स र स्टालिन लेनिनको क्रान्ति तत्तत् समयमा, तत्तत् भूभाग र परिस्थितिमा सफल भएका हुन् । ती सिद्धान्तले हाम्रो माटोमा काम गर्दैनन् भन्ने बुझ्न अब विलम्ब भइसक्यो । ती अन्तर्राष्ट्रिय वादहरूलाई हामी 'रिफरेन्स बुक'का रूपमा लिन सक्छौं । प्रमुख पाठ्यक्रम बनाउन सक्दैनौं । प्रमुख पाठ्यक्रममा हामीलाई नेपालवाद चाहिएको छ । स्मरण रहोस् माओको आफ्नै देश चीनले अहिले माओ पथ त्यागेर सी जिनपिङ पथ अङ्गालिसकेको छ भने भारतमा गान्धीपथ पुरानो भएर अहिले मोदीपथ चलेको छ । हामी भने आफ्नो देशकै निर्माण गर्ने राष्ट्रपितालाई अपमान गर्दै आफ्नै मुलुकमा आउटडेटेड भएका विदेशीका फोटो सिरानीमुनि राखेर सुतेका छौं । यो उल्टो पथ हो, विनाशको पथ हो ।

जबसम्म नेपालले आफ्नै माटोमा बनेको स्वदेशी राजनैतिक प्रणाली लागू गर्दैन त्यतिन्जेल देशमा स्थायित्व आउँदैन । त्यसैले प्रत्येक देशभक्त नागरिकले आफ्नो नागरिक धर्म निभाउने बेला आएको छ । देशलाई क्षयीकरण गर्ने दलहरूलाई बहिष्कार गर्दै बालेन-हर्कजस्ता स्वतन्त्र र राप्रपाजस्ता साना दलहरूलाई साथ समर्थन गरेर यी नक्कली दलहरूको बलियो विकल्प निर्माण गर्नु नै आजको नागरिक धर्म हो । -साभार: इकागज

# स्वतन्त्रले के गर्छन् हेरौंला रे !

✍ विराट अनुपम

अहिले सुदूरपश्चिमको प्रदेश मुकाम भएको धनगढी उपमहानगरपालिकाको नेतृत्वमा स्वतन्त्र मेयर गोपी हमाल छन् । साझा पार्टीका पूर्व नेता भएर पनि उनको निर्वाचन स्वतन्त्र उम्मेदवारको हैसियतमा भएको हो । प्रदेश १ को पुरानो शहर धरानमा हर्क साम्पाङ मेयर चुनिएर आएका छन् । साम्पाङ स्वतन्त्र हुन् । देशको संघीय राजधानी काठमाडौं महानगरको मेयरमा स्वतन्त्र उम्मेदवार बालेन आएका छन् । यी त केही उदाहरण मात्रै भए । अहिलेको स्थानीय चुनावमा स्वतन्त्रहरूको राम्रो उपस्थिति भएको छ । ०७४ मा भन्दा धेरै स्वतन्त्रको जित २०७९ को स्थानीय चुनावबाट भएको छ । २०७४ मा २३३ स्वतन्त्र उम्मेदवारको जित भएको थियो । २०७९ मा त्यो गणितको आयतन बढेर ३८५ पुगेको छ । जसमा १३ जना स्थानीय नेतृत्वमा आएका छन् । आउनेहरूका चर्चित बिम्ब हुन् हमाल, हर्क अनि बालेन ।

जसरी यो पटकको चुनावमा स्वतन्त्रहरूले देशभरका धेरै ठाउँमा रोचक उपस्थिति देखाए, ठीक त्यसैगरी रोचक प्रतिक्रिया सामाजिक सञ्जालदेखि आमसञ्चारसम्ममा देखिन थालेको छ । दलका कट्टरहरूमा लोकतन्त्र धरापमा परेको तर्क आउन थालेको छ । कतिपयले त राजनीतिक स्थिरता हुनेसम्म भन्न भ्याएका छन् । स्वतन्त्रको जितमा निर्दलीयताले पञ्चायतको झल्को दिएको भन्नेहरू थुप्रै उदाएका छन् । स्वतन्त्रहरूले गरेको हेरौंला भन्नेहरू उत्तिकै छन् । यी सबै तर्क हेर्दा यस्तो लाग्छ कि स्वतन्त्रले जित्नु लोकतन्त्रले हार्नु हो । दलले हार्नु हैन । दलका कट्टर समर्थकहरूको प्रतिक्रिया हेर्दा यस्तो लाग्छ स्वतन्त्रले जित्नु गणतन्त्रको झल्को हैन । पञ्चायतको झल्को हो । यी भावुक तर्क हुन् । जब निर्वाचनसम्बन्धी ऐन, कानुनले नै स्वतन्त्र उम्मेदवारको परिकल्पना गरेको छ भने त्यही प्रक्रियाबाट आएका उम्मेदवारको जित कसरी लोकतन्त्रलाई घाटा हो ? स्वतन्त्रले जित्नु पञ्चायतको झल्को हो भने गणतन्त्रमा स्वतन्त्रको प्रावधान किन नहटाएको ? जहाँसम्म राजनीतिक अस्थिरताको कुरा छ, अहिलेसम्म गिरिजाप्रसाद कोइरालादेखि केपी शर्मा ओलीसम्मले ११ पटक संसद् विघटन गरेको स्वतन्त्र उम्मेदवारहरूको कारणले हो ? आफ्नो सरकार आफैं ढाल्ने कांग्रेस र कम्युनिष्ट सरकार स्वतन्त्रका थिए ? थिएनन् । त्यसैले स्वतन्त्रहरूको जितलाई राजनीतिक अस्थिरताको कारण भन्नु कमजोर तर्क हुन् ।

खासमा स्वतन्त्रहरूको जितले लोकतन्त्रलाई बलियो बनाएको छ । दलतन्त्र भने कमजोर भएको छ । अब कुरा आउँछ लोकतन्त्र र दलतन्त्रमा के फरक छ ? धेरै फरक छ । जनताबाट अनुमोदन भएर जनताका लागि काम गर्ने राजनीतिक प्रणाली लोकतन्त्र हो । लोकतन्त्रले चुनावअगाडि जुन दलको भए पनि चुनावबाट जितेर गएपछि पुगेको सार्वजनिक पदमा बसेर दललाई हैन जनतालाई हेर्न भन्छ ।

तर, यो दृश्य अहिले पाइँदैन । लोकतन्त्र लोपोन्मुख छ । दलतन्त्र बलियो भएको छ । जनतालाई दलका मतदाताको कोणमा मात्रै हेरिन्छ । यसले समाजका हरेक क्षेत्रलाई गाँजेको छ । पत्रकारदेखि प्राध्यापकसम्म दलतन्त्र छिरेको छ । आम क्षेत्रमा त नछिर्ने कुरै भएन । अहिले यस्तो अवस्था आएको छ कि एक स्थानीय सरकारको जागिरको आवेदनमा योग्यता भएर मात्रै पुग्दैन । दलीय आबद्धता उत्तिकै आवश्यक छ । विद्यालयदेखि विश्वविद्यालयको नियुक्ति हुने कुरामा योग्यता दोश्रो प्रमुख पक्ष हो । प्रथम पक्ष भने दलीय आबद्धता नै हो । सरकारको अनुदानदेखि सहयोगमा पनि दलकै फुर्के हुँदा सजिलो छ । छात्रबृत्तिदेखि सरकारी सिफारिसमा सम्म दलकै आड हुनेको बोलवाला छ । लोकसेवा आयोग र केहि सीमित संयन्त्रलाई अपवाद मान्ने हो भने देशमा लोकतन्त्र छैन । दलतन्त्र छ । फलानो क्षेत्र फलानोको किल्ला भन्ने बिल्ला जताततै छ । हरेक पेशाकर्मीलाई कुनै न कुनै रुपमा दलमा जोड्ने बाध्यात्मकजस्तै अवस्था दलले नै आफै सिर्जना गरेका छन् । दलहरूको किल्लादेखि कथित विरासतको कुरा सुनेर सर्वसाधारण हैरान छन् । यही दलतन्त्रका आजितहरूले यो पटक ३८५ स्थानमा नोट अफ डिसेन्ट लेखेका छन् । उनीहरूको नोट अफ डिसेन्ट मतपत्रमा व्यक्त भएको छ । त्यही नोट अफ डिसेन्टले अहिले राजनीतिक बजार तातेको छ । त्यो तातोको पोलाइमा दल पिल्सेका छन् । काठमाडौंमा सधैं प्रथम हुने एमाले तेश्रोमा झरेको छ । धरानमा एमाले र कांग्रेसको आलोपालोलाई चेक दिँदै हर्क साम्पाङ आएका छन् । धनगढीको कांग्रेस विरासत ढलेको छ । यस्ता थुप्रै नयाँ राजनीतिक कोर्स २०७९ को स्थानीय चुनावले सिर्जना गरेको छ ।

यसले दलतन्त्रलाई घाटा लगाएको छ । लोकतन्त्रलाई बलियो बनाएको छ । दलतन्त्र कमजोर हुनु र लोकतन्त्र बलियो हुनु नागरिकदेखि स्वयं दलका नेता-कार्यकर्तालाई फाइदाकै कुरा हो । नागरिकलाई दलका कार्यकर्ताको ट्यागबाट बाहिर आएर स्वतन्त्र हुने मौका यसले दिएको छ । नेताको वरिपरि घुमेर दलको प्रभाव क्षेत्रमा टिकट ल्याएमा स्वत: जित्ने सपना देख्नेहरूलाई स्वतन्त्रको जितले धक्का दिएको छ । अब दलका नेतालाई हैन जनतालाई मान्नेहरूका दिन आएका छन् । यसले दलभित्रका लोकप्रियको राम्रा दिन आएका छन् । दललाई सुधार्ने यो एक राम्रो अवसर हो ।

अब गुट र उपगुट हेरेर हैन जनताको अभिमत मूल्यांकन गरेर मात्रै टिकट वितरण हुने अवस्था आउने बाटो खुलेको छ । पार्टीमा बिताएको उमेरको अंक नभएर जनताले पत्याएको आधारको मापदण्ड नै राजनीतिको बलियो मेरुदण्ड हुने अवस्था आएको छ । यो सबैलाई खुशीको खबर हो । लोकतन्त्रलाई त झनै खुशीको खबर हो । -साभार: जन आस्था

# खोलामा ढुङ्गा संकलन गर्ने मजदुरको कथा:

# १२ घण्टा काम, चार सय रुपैयाँ ज्याला

## ठेकदार मालामाल, मजदुरको पीडा उस्तै

बारा/ निजगढ नगरपालिका-४ की जोखनी थरुनी १० वर्षदेखि बकैया खोलामा ढुंगा संकलन गर्दै आएकी छन् । बिहान ५ बजे खोलामा पुग्ने उनी साँझ ५ बजेपछि मात्रै घर फर्किन्छिन् । उनले बकैया खोलामै ढुंगा संकलन गर्न थालेको १० वर्ष भइसक्यो । दिनभर खोलामा ढुंगा संकलन गर्दा उनले दैनिक ४ सय रुपैयाँ कमाउँछिन् ।

'ठेकेदारको ज्याला गर्न आएको, खोलामा दिनभर ढुंगा टिपेको एक ट्याक्टरको ५ सय दिन्छ, त्यो पनि ५/६ जनालाई भाग लगाउनुपर्छ,' ५५ वर्षीय थरुनीले भनिन् । सरकारले अन्य कुनै रोजगारीको व्यवस्था गरिदिए ढुंगा संकलन गर्न छोड्ने उनी बताउँछिन् ।

'१०/१५ वर्षअघि खोलाको छेउछाउमै सजिलैसँग ढुंगा पनि पाइन्थ्यो, अहिले खोलामा ढुंगा पनि छैन, एक ट्याक्टर ढुंगा जम्मा गर्न ३/४ घन्टा लाग्छ, धेरै मेहनत गर्नुपर्छ,' उनले भनिन् । वैकल्पिक रोजगारीको व्यवस्था नहुँदा प्रचण्ड घाम, गर्मी र तातो बालुवामा न्यूनतम् ज्यालामा दिनभर ढुंगा संकलन गर्न मजदुर महिलाहरु बाध्य छन् । बाराको बकैया, धन्सार, लालबकैया खोलामा ढुंगा टिप्नकै लागि ठेकेदारहरुले दर्जनौ संख्यामा महिलालाई खटाउने गर्दछन् भने केही ट्याक्टर धनीले क्रसर उद्योगलाई बेच्नका लागि आफै ढुंगा जम्मा गरेर लैजान्छन् ।

'खोलामा ढुंगा नै छैन, दिनभरमा बल्लतल्ल जम्मा गर्दा ४/५ टिप भन्दा हुँदैन, के गर्ने ! गरिबलाई केही छैन, कमाएर खानुपर्‍यो,' १६ वर्षदेखि बकैया खोलामा ढुंगा टिप्दै आएकी प्रिती कुँवरले भनिन् । जिल्लाको उत्तरी भेगमा चुरे र



महाभारत पर्वतसँग जोडिएको निजगढ नगरपालिका अन्तर्गतका खोलामा पाईने ढुंगा, गिटी र बालुवा देशभर कै ठुला आयोजना निर्माणमा प्रयोग हुने गर्दछ ।

पछिल्लो समय काठमाडौं-तराई/मधेस द्रुतमार्ग आयोजनाले निजगढ नगरपालिका अन्तर्गतका खोलाको ढुंगा, गिटी, बालुवा प्रयोग गर्दै आएको छ । यहाँको बकैया, धन्सार, लालबकैया लगायतका खोलामा उत्खनन् गर्न निजगढ नगरपालिकाले बर्सेनि १३ देखि १६ करोडमा ठेक्का लगाउने गर्दछ ।

आन्तरिक राजस्व संकलनकै लागि जथाभावी खोला खन्न अनुमति दिने नगरपालिका र मापदण्ड विपरीत खोला खनेर करोडौं रुपैयाँ कमाउने ठेकेदार दुवैले खोलामा ढुंगा टिप्ने महिलाहरुको दु:ख भने नबुझेको उनीहरुको गुनासो छ । 'राज्यले हामीलाई केही गरेन, त्यही भएर खोलामा काम गरेर बालबच्चा पाल्नुपर्‍यो, पढाउनुपर्‍यो, रोजगारी केही छैन,' कुँवरले भनिन् 'खोलामा ढुंगा टिप्ने हाम्रो रहर होइन, बाध्यता हो, खोला बन्द भएको बेला वर्षयाममा यताउती रोपाई गरेर पेट पाल्छौं' । स्थानीय तहहरुले असोज पहिलो सातादेखि जेठ मसान्तसम्म बर्सेनि खोला उत्खनन् ठेक्का लगाउने गर्दछन् ।

सरकारले अनौपचारिक क्षेत्रमा कार्यरत मजदुरहरुलाई ८ घन्टा काम गरेबापत न्यूनतम् ५२५ रुपैयाँभन्दा कम ज्याला दिन नमिल्ने कानुनी व्यवस्था गरेको छ तर, दैनिक १२ घन्टा काम गर्ने महिलाहरु भने ४ सय रुपैयाँ ज्यालामा चित्त बुझाउन बाध्य छन् ।

अखिल नेपाल ट्रेड युनियनका केन्द्रीय सदस्य तथा बारा जिल्ला अध्यक्ष बेनी तिमल्सिनाले अनौपचारिक क्षेत्रमा १२ घन्टा काम गर्ने मजदुरहरुलाई न्यूनतम एक हजार रुपैयाँ ज्याला दिनुपर्ने बताए ।

'अनौपचारिक क्षेत्रमा काम गर्ने मजदुरहरु ३/४ सय ज्यालामा पनि दिनभर काम गर्न बाध्य छन्, यसको अनुगमन पनि फितलो छ,' अध्यक्ष तिमल्सिनाले भने । 'स्थानीय सरकार सञ्चालन ऐनले पनि स्थानीय तहलाई अधिकार दिएको छ, जनप्रतिनिधिहरुको पनि यस्तो विषयहरुमा विशेष ध्यान जानुपर्छ ।'

बाराको १६ वटा स्थानीय तहमध्ये जीतपुर सिमरा उपमहानगरले दुधौरा, बालगंगा र पसाहा खोला, निजगढ नगरपालिकाले बकैया खोलाको माथिल्लो भाग, धन्सार र लालबकैया खोलामा ठेक्का लगाउने गर्दछ भने कोहल्वी नगरपालिकाले बकैया खोलाको तल्लो भागमा उत्खनन्को ठेक्का लगाउने गर्दछ । यी ३ वटै पालिकामध्ये चुरेसँग जोडिएको निजगढ नगरपालिकामा ढुंगा संकलन गर्ने ज्यालादारी महिलाको संख्या अधिक छ ।

निजगढ नगरपालिका नगरप्रमुख सुरथ पुरीले भर्खरै निर्वाचित भएर आएकाले खोलासँग जोडिएको मजदुरहरुलाई कसरी व्यवस्थित गर्ने भन्ने विषयमा छलफल हुन बाँकी रहेको बताए । -साभार: रातोपाटी

# विश्व बैंकको चेतावनी- धेरै देशका लागि मन्दीबाट बच्न गाह्रो हुनेछ




वासिङ्टन/युक्रेनमा रुसले गरेको आक्रमणका कारण देखाउँदै विश्व बैंकले विश्वव्यापी अर्थतन्त्रको वृद्धि अनुमान २.९ प्रतिशतमा घटाएको छ जुन जनवरीको प्रक्षेपणभन्दा १.२ प्रतिशतले कम छ ।

'विश्व अर्थतन्त्रले ८० वर्षभन्दा बढीमा विश्वव्यापी मन्दीबाट प्रारम्भिक पुन: प्राप्तिपछि यसको तीव्र गिरावटको अनुभव गर्ने अपेक्षा गरिएको,' बैंकले मंगलबार आफ्नो ग्लोबल इकोनोमिक प्रोस्पेक्ट्स प्रतिवेदनमा उल्लेख गरेको छ ।

कोभिड-१९ महामारीका कारण आएको मन्दीपछि सन् २०२१ मा वृद्धिदर ५.७ प्रतिशतमा पुर्‍याएपछि यो गिरावट आएको हो । रुसको आक्रमण र मस्कोमा पश्चिमी प्रतिबन्धहरूले अनाज र तेलको मूल्य विश्वव्यापीरूपमा बढाएको छ ।

'युक्रेनमा युद्ध, चीनमा बन्दाबन्दी, आपूर्ति-शृंखला अवरोधहरू र मुद्रास्फीतिको जोखिमले वृद्धिलाई जटिल बनाइरहेको छ । धेरै देशहरूका लागि मन्दीबाट बच्न गाह्रो हुनेछ,' विश्व बैंकका अध्यक्ष डेभिड मालपासले टिप्पणी गरेका छन् । प्रतिवेदनका अनुसार युद्धले कोभिड-१९ महामारीबाट हुने क्षतिलाई बढाउँदै छ, विश्वव्यापी अर्थतन्त्रमा आएको मन्दीलाई बढाउँदै छ जुन कमजोर वृद्धि र उच्च मुद्रास्फीतिको लामो अवधि बन्न सक्छ । 'यसले मुद्रास्फीतिको जोखिम बढाउँछ र मध्यम र न्यून आय भएका अर्थतन्त्रहरूका लागि सम्भावित हानिकारक परिणामहरूको पनि सँगसँगै लैजानेछ,' प्रतिवेदनमा उल्लेख छ ।

प्रतिवेदनले सन् १९७० को दशकमा केही समानताहरू उल्लेख गरेको छ । तर त्यो अवधिको विपरीत अमेरिकी डलर बलियो छ र प्रमुख वित्तीय संस्थाहरू ठोस स्थितिमा छन् । साथै बैंकले मूल्य नियन्त्रण वा निर्यात प्रतिबन्धको साथ मुद्रास्फीति स्पाइक समाधान गर्ने प्रयास नगर्न चेतावनी दिएको छ ।

मालपासले टिप्पणी गर्दै भनेका छन्, 'उत्पादनलाई प्रोत्साहन दिन र व्यापार प्रतिबन्धबाट बच्न जरुरी छ ।' प्रतिवेदनले अमेरिकी वृद्धि अनुमानलाई १.२ अंकले घटाएर २.५ प्रतिशतमा पुर्‍याएको छ र चीनको लागि पूर्वानुमान ०.८ अंकले घटाएर असाधारण रूपमा न्यून ४.३ प्रतिशतमा झरेको छ । यसैबीच युरो क्षेत्रको प्रक्षेपण २.५ प्रतिशत र जापान १.७ प्रतिशतमा घटाइएको छ ।

साथै रुसको अर्थतन्त्र यस वर्ष ११.३ प्रतिशतले संकुचित हुने अपेक्षा गरिएको छ । - एएफपी

# रसुवामा विद्युत् आपूर्ति बन्द

रसुवा/६६ केभी प्रसारण लाइनमा समस्या आएपछि रसुवामा विद्युत आपूर्ति ठप्प भएको छ ।

जिल्लाको गोसाइँकुण्ड गाउँपालिका-५, स्थित ठूलोभार्खुमा रहेको १४ नम्बर टावरमा समस्या आएपछि जिल्लामा मंगलबार रातिदेखि विद्युत् आपूर्ति बन्द भएको नेपाल विद्युत प्राधिकरण धुन्चे वितरण केन्द्रले जनाएको छ ।

विद्युत आपूर्तिमा समस्या आएपछि काठमाडौं ग्रिड महाशाखाबाट मर्मत टोली आउन लागेको केन्द्रका प्रशासन प्रमुख एवं सूचना अधिकारी



दीपरमण अधिकारीले बताए । मर्मतको काम सकिएपछि विद्युत् सेवा सुरु हुने उनको भनाइ छ ।

६६ केभी लाइनको मर्मत गर्न मर्मत टोली नै आउनुपर्ने भएकाले टोली आइपुगेपछि मात्र काम हुने छ । त्रिशूली फिडर नम्बर ४ बाट बिहान धुन्चे, कालिका तथा उत्तरगयाको विभिन्न क्षेत्रमा विद्युत् आपूर्तिको व्यवस्था मिलाइएकोमा ११ केभी प्रसारण लाइनको तार चुँडिएपछि अहिले उक्त क्षेत्रमा पनि समस्या आएको हो ।

अहिले ११ केभी प्रसारण लाइनको मर्मत हुँदै गरेको र केही समयपछि धुन्चे, कालिका तथा उत्तरगयाको विभिन्न क्षेत्रमा भने विद्युत सेवा सुरु हुने केन्द्रले जनाएको छ । -साभार: रातोपाटी

# विद्युतीय सवारीसाधनमा लगाएको कर घटाउन माग

काठमाडौं/सरकारले आर्थिक वर्ष २०७९/८० का लागि प्रस्तुत गरेको बजेटमा २०० किलोवाटभन्दा बढी क्षमताका विद्युतीय सवारीसाधनमा भन्सार तथा अन्त:शुल्क महशुलमा अत्यधिक वृद्धि गरेकोमा पुर्नविचार गर्न अटो व्यवसायीहरूले माग गरेका छन् ।

सरकारले नेपालमा उत्पादित विद्युतलाई पेट्रोलियम पदार्थको विकल्पको रुपमा प्रयोग गरी व्यापार घाटा कम गर्ने, आफ्नै उत्पादन जलविद्युतलाई विद्युतीय सवारी साधनलगायतका साधनमा प्रयोग गरी विदेशी मुद्रा वचत गर्ने माध्यमको रुपमा लिएकोमा भने उनीहरू स्वागत गरेका छन् ।

तर २०० किलोवाट क्षमताभन्दा माथिका सवारी साधनमा भने भन्सार र अन्त:शुल्क महसुल बढाएकोमा उनीहरूले विद्युतीय सवारी साधनको प्रयोगलाई प्रोत्साहनको सट्टा दुरुत्साहित गरेको बुझेको जनाएका छन् ।

उनीहरूले नेपालको भौगोलिक अवस्थाअनुसार २०० किलोवाट क्षमताका विद्युतीय सवारी साधनाहरूलाई समेत पुरानै व्यवस्थाअनुसार भन्सार तथा अन्त:शुल्क महसुल कायम गरीदिने सरकारसँग अनुरोध गरेका छन् ।




केहि समयअघि मात्रै नेपाल सरकारले देशको वर्तमान विदेशी मुद्रा सञ्चितिमा सुधार ल्याउन निजी प्रयोजनका सवारी साधनहरुको असार मसान्तसम्मका लागि आयातमा रोक लगाएको छ ।

उक्त निजी प्रयोजनका सवारी साधनहरुको आयातले विदेशी मुद्रा संञ्चिति र शोधनान्तर स्थितिमा खासै असर नपरेको र आयात प्रतिबन्धको सहज समाधानका लागि सरकारसँग उनीहरूले अपील गरेका छन् ।

यसैगरी, बजेटमा सरकारले २०० सिसीसम्मका मोटरसाइकललाई सर्वसाधारणले प्रयोग गर्ने सवारीसाधनको रुपमा लिएको छ । तर, २०० सिसीभन्दा माथिका मोटरसाइकलमा भने अन्त:शुल्क तथा भन्सार महशुलमा अत्यधिक वृद्धि गरेको छ ।

यसबाट धेरै सिसीका मोटरसाइकलको बिक्री वितरण ढप्प भएको छ । उनीहरूले अटोमोबाइल व्यवसायीले व्यवसाय नै बन्द गर्नुपर्ने अवस्था उत्पन्न भएकोले यसतर्फ समेत पुनर्विचारका लागि अनुरोध गरेका छन् । -साभार: रातोपाटी

# "प्रसाद २" को निर्देशकमा सुदर्शन थापा ?

काठमाडौं/फिल्म छायांकनमा नजाँदासम्म कलाकार देखि निर्देशकसम्म हेरफेरको चक्र चलिरहन्छ । फिल्मको आधाउधी छायांकन सकिएको अवस्थामा समेत टिम परिवर्तन हुने गरेको छ ।

यस्तैमा, निर्माणको तयारीमा रहेको फिल्म 'प्रसाद २'को निर्देशक परिवर्तन भएको खबर प्राप्त छ । पहिला सौरभ चौधरीले फिल्मलाई निर्देशन गर्ने फाइनल भएकोमा अब उनी बाहिरिएको स्रोतले जानकारी दियो ।

सौरभ अलग भएपछि फिल्मको निर्देशकमा सुदर्शन थापा भित्रिएको विश्वस्त स्रोतको दाबी छ । केही दिनदेखि उनी लेखक सुशील पौडेलसँग नयाँ बानेश्वरको एक होटलमा बसेर स्क्रिप्टलाई 'लक' गर्न व्यस्त रहेको बताइन्छ ।

यद्यपि, निर्माण टिमले निर्देशकमा सुदर्शन थापा भित्रिएको बारेमा कुनै जानकारी दिएको छैन । सुदर्शनले लभस्टोरी फिल्म निर्देशनमा आफूलाई स्थापित गरेका छन् ।

२०७५ सालमा प्रदर्शन भएको समीक्षात्मक र व्यावसायिक दुवै रुपमा सफल ठहरिएको फिल्म 'प्रसाद'को सिक्वेलको रुपमा निर्माण हुन लागेको फिल्ममा अघिल्लो



पार्टका तीन प्रमुख कलाकारहरु विपिन कार्की, नम्रता श्रेष्ठ र निश्चल बस्नेतले नै अभिनय गर्दैछन् । अहिले विपिनले फिल्म 'के घर के डेरा'को छायांकन गरिरहेकाले यसपछि 'प्रसाद २'को छायांकन सुरु हुने जानकारी प्राप्त छ ।

'प्रसाद'लाई दिनेश राउतले निर्देशन गरेका थिए । सिक्वेल निर्देशनको पहिलो अफर पनि निर्माता सुभाष थापाले उनैलाई गरेका थिए । तर, राउतले सिक्वेल फिल्म निर्देशन नगर्ने बताएपछि सौरभ निर्देशकको रुपमा भित्रिएका थिए । स्क्रिप्ट लेखनको सुरुवातदेखि कलाकार छनोटसम्म उनी यथावत् थिए । छायांकनमा निस्कने समयमा भने सुदर्शनको काँधमा निर्देशनको जिम्मेवारी आएको छ ।

-साभार: फिल्मीखबर

# नीमा र दीपकले वल्ड गेम्समा प्रतिस्पर्धा गर्ने




काठमाडौं/नेपाली उसु खेलाडी नीमा घर्तीमगर र दीपक हमालले वल्ड गेम्स २०२२ मा प्रतिस्पर्धा गर्ने भएका छन् । जुलाई ७ देखि १७ तारिखसम्म अमेरिकाको ब्रमिंमको अलाबामामा हुने प्रतियोगितामा नेपालबाट नीमा र दीपकले प्रतिस्पर्धा गर्न लागेका हुन् ।

नेपालमा भएको १३ औं दक्षिण एसियाली खेलकुद (साग) का स्वर्ण विजेता नीमा र दीपक आयोजकबाटै छनोट भएको नेपाल उसु महासंघले जनाएको छ । उनीहरुले अन्तर्राष्ट्रिय प्रतियोगितामा गरेको प्रदर्शन र विश्व वरीयताका आधारमा विश्व उसु महासंघ र वर्ल्ड गेम्स फेडरेसनले छनोट गरेको नेपाल उसु महासंघका महासचिव लाक्पाछिरिङ लामाले जानकारी दिए ।

'वल्ड गेम्समा दक्षिण एसियाका नेपाल र भारत मात्रै छनोट भएका छन् । उसुमा भारतले एउटा कोटा पाउँदा नेपालले भने दुई वटा कोटा पाएको छ', महासचिव लामाले भने, 'यो हाम्रा लागि गौरवको विषय हो ।' भारतमा भएको १२ औं सागमा स्वर्ण जितेकी नीमाले १४ औं तथा १५ औं उसु वर्ल्ड च्याम्पियनसिपमा पनि सहभागिता जनाएकी थिइन् । यसैगरी एसियन ट्रेडिसनल उसु च्याम्पियनसिप २०२१ मा कांस्य र आईडब्लूयूएफ थाउलो भर्चुअल च्याम्पियनसिप २०२१ मा रजत पदक जितेकी थिइन् ।

दीपकले १४ औं तथा १५ औं उसु वर्ल्ड च्याम्पियनसिपमा प्रतिस्पर्धा गरेका थिए । प्रतियोगितामा सहभागी ५६ देशका खेलाडीमध्ये उनी उत्कृष्ट नौमा परेका थिए । यसैगरी एसियन ट्रेडिसनल उसु च्याम्पियनसिप २०२१ मा दीपकले पनि कांस्य पदक जितेका थिए । यही नतिजाका आधारमा नीमा र दीपक वर्ल्ड गेम्सका लागि छनोट भएको महासचिव लामाले बताए ।

नीमा र दीपक दुवै थाउलोका खेलाडी हुन् । वर्ल्ड गेम्समा नीमाले नानकुन नानदाउ अलराउन्ड र दीपकले नानकुन नानगुन अलराउन्डमा प्रतिस्पर्धा गर्ने छन् । नीमाको समूहमा पाँच र दीपकको समूहमा सात जना खेलाडी परेका छन् । -हाम्रो खेलकुद

## हार्दिक निमन्त्रणा



मेरो श्रीमान स्वर्गीय **रामकुमार श्रेष्ठ** यही मिति: २०७९ जेठ १५ का दिन असामायीक स्वर्गारोहण भएको हुँदा सागरमा पाल्नु हुने एवम् सम्पूर्ण परिवारजनप्रति यस दु:खद घडीमा समवेदना प्रकट गर्नुहुने हजुरलाई १३ औं दिनको पितृ प्रसाद ग्रहण गरिदिनुहुन हार्दिक निमन्त्रणा गर्दछौं ।

तपशिल
मिति: २०७९ जेठ २७ शुक्रबार
समय: ३:०० बजे देखि
स्थान: हेटौंडा-१, मेनरोड (उद्योग बाणिज्य संघ अगाडि) आफ्नै निवास

**प्रार्थी**
**गंगादेवी श्रेष्ठ**
एवम्
**समस्त भली श्रेष्ठ परिवार**

**असमर्थताको लागि :**
९८४५२८९१९५, ९८४५०२७५७७, ९८१११६१३१८

## हार्दिक समवेदना



जन्म मिति: २०१९ भदौ ३०
मृत्यु: २०७९ जेठ १५

लियो क्लब अफ हेटौंडा लर्ड बुद्धका पूर्व अध्यक्ष लियो राजन श्रेष्ठको पुजनीय पिता **स्व: रामकुमार श्रेष्ठ**को असामयीक स्वर्गारोहणले हामी ज्यादै मर्माहत भएका छौं । यस दु:खद घडीमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

लियो मित्रप्रसाद गौतम (अध्यक्ष) एवम्
**लियो क्लब अफ हेटौंडा लर्ड बुद्ध, परिवार**

## हार्दिक समवेदना



जन्म मिति: २०१९ भदौ ३०
मृत्यु: २०७९ जेठ १५

लियो जिल्ला परिषद ३२५ S नेपालका जिल्ला सल्लाहकार लियो राजन श्रेष्ठको पुजनीय पिता **स्व: रामकुमार श्रेष्ठ**को असामयीक स्वर्गारोहणले हामी ज्यादै मर्माहत भएका छौं । यस दु:खद घडीमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

लियो राहुल जालान (अध्यक्ष) एवम्
**लियो जिल्ला परिषद ३२५ S नेपाल, परिवार**

## के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# राक्सिराङलाई चेपाङ संरक्षित क्षेत्र घोषणा गर्न माग

साझाकुरा संवाददाता



हेटौंडा, २५ जेठ/ मकवानपुरको विकट राक्सिराङ गाउँपालिकाको कार्यपालिका बैठकले अति विपन्न र सीमान्तकृत चेपाङ जातिको बाहुल्यता रहेको राक्सिराङलाई चेपाङ संरक्षित क्षेत्र घोषणा गर्न प्रदेश र संघीय सरकारलाई अनुरोध गर्ने निर्णय गरेको छ ।

दोस्रो कार्यकालको लागि निर्वाचित भएर आएपछि पहिलोपटक बसेको राक्सिराङको कार्यपालिका बैठकले संरक्षित क्षेत्र घोषणा गर्न प्रदेश र संघीय सरकारलाई अनुरोध गर्ने निर्णय गरेको हो । त्यस्तै राक्सिराङ आधारभूत अस्पतालमा स्वास्थ्य बिमा कार्यक्रम लागू गराउन पहल गर्नेसम्मको विभिन्न ८ वटा निर्णय गरेको छ ।

गाउँपालिकाका अध्यक्ष राजकुमार मल्लको अध्यक्षतामा बुधबार बसेको ७६ औं कार्यपालिका बैठकले पिछडिएका चेपाङ जातिको बाहुल्य बसोबास रहेको यस राक्सिराङ गाउँपालिकालाई चेपाङ संरक्षित क्षेत्र घोषणा गरी विशेष कार्यक्रम संचालन गरी समतामूलक, समावेशी तथा दीगो विकासका लागि प्रदेश सरकार तथा संघीय सरकार समक्ष अनुरोध गर्ने निर्णय गरेको हो । बैठकले गाउँपालिका अध्यक्ष संयोजक रहेको स्थानीय तह स्वास्थ्य बीमा संयोजन समितिसमेत गठन गरेको छ । अति गरीब तथा विपन्न परिवारको लागि नेपाल सरकारद्वारा लागू गरिएको स्वास्थ्य बीमा कार्यक्रमलाई वृहत्तर रुपमा बृद्धि गराउनुका साथै सो बीमाको लागि लाग्ने तोकिएको शुल्कको ७५ प्रतिशत रकम अनुदान स्वरुप गाउँपालिकाले उपलब्ध गराउने पनि निर्णय गरिएको गाउँपालिका अध्यक्ष राजकुमार मल्लले जानकारी दिए । राक्सिराङ गाउँपालिकाबासीहरुलाई स्वास्थ्य उपचार र सुविधामा बढोत्तरी गर्नका लागि गाउँपालिकाअन्तर्गत् रहेको राक्सिराङ आधारभूत अस्पतालमा नेपाल सरकारद्वारा लागू गरिएको स्वास्थ्य बीमा कार्यक्रम लागू गर्ने प्रकृया अगाडि बढाउने निर्णय पनि कार्यपालिका बैठकले गरेको छ ।

राक्सिराङ गाउँपालिकामा बर्षेनि चट्याङ्जन्य घटनाबाट जनधनको क्षति हुने गरेको अवस्थालाई मध्यनजर गर्दै चट्याङ्का घटनाबाट हुन सक्ने जनधनको क्षति न्यूनीकरण तथा रोकथामका लागि सम्पूर्ण राक्सिराङ गाउँपालिकाबासी नागरिकहरुलाई सचेत रहन अपिल गर्ने, प्राविधिक अध्ययनसमेत गराई प्रत्येक घरमा लाइटेनिङ एरेष्टर प्रविधि जडान गर्नको लागि अनुरोध गर्ने र सो जडान कार्यमा लाग्ने लागतमा प्रति परिवार पाँच हजारका दरले गाउँपालिकाबाट अनुदान उपलब्ध गराउने पनि कार्यपालिका बैठकले निर्णय गरेको छ ।

गाउँपालिकाले यसअघि जारी गरेको भूउपयोग नीतिको कार्यान्वयनको लागि खेतीयोग्य बाँझो जग्गा जमीनहरुको लगत संकलन गर्ने, बाँझो राखिएका जमीनहरुको हकमा कानून बनाई जरिवानाको दायरामा ल्याउनेलगायतको निर्णय गरेको छ ।

## २५ जनाद्वारा रक्तदान



साझाकुरा संवाददाता

हेटौंडा, २५ जेठ/ बागमती प्रदेशको प्रदेश युवा परिषद्ले आयोजना गरेको कार्यक्रममा २५ जनाले रक्तदान गरेका छन् । परिषद्को प्रथम स्थापना दिवसको अवसरमा आयोजित रक्तदान कार्यक्रममा २५ जनाले रक्तदान गरेका हुन् ।

बागमती प्रदेश युवा परिषद्को आयोजना तथा रक्त सञ्चार केन्द्र हेटौंडाको प्राविधिक सहयोगमा रक्तदान कार्यक्रम भएको हो । स्थापना दिवसको अवसरमा प्रदेश युवा परिषद्ले शुभकामना आदानप्रदान, अन्तर्क्रिया, रक्तदान तथा हेटौंडा अस्पतालमा बिरामीलाई फलफूल वितरण मनाइएको छ ।

बागमती युवा परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाईको अध्यक्षता तथा बागमती प्रदेशका युवा तथा खेलकुद मन्त्री रत्नप्रसाद ढकालको प्रमुख आतिथ्य रहेको वार्षिकोत्सव कार्यक्रममा प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामी, जिल्ला युवा समितिका अध्यक्ष सुमन पाखिनको उपस्थिति थियो ।

# वर्षाका कारण खेल स्थगित, आज दुई खेल

साझाकुरा संवाददाता



हेटौंडा, २५ जेठ/ हेटौंडा-५, पिप्ले क्याम्पा रंगशालामा जारी चौथो स्थानीय तह सहिद स्मृति अन्तर्राष्ट्रिय मकवानपुर गोल्डकपमा बुधबार हुने भनिएको खेल स्थगित भएको छ ।

बुधवार ४ बजेका लागि तय भएको हेटौंडेली क्लब विजय युथ र जनजागृति क्लब सिमराबीचको खेल वर्षाका कारण स्थगित भएको हो । वर्षाले पिप्ले क्याम्पा रंगशालाको मैदानमा पानीको दह बनेपछि खेल आज बिहीवारका लागि सारिएको हो । उक्त खेल आज बिहान साढे ८ बजे हुने गोल्डकपका संयोजक प्रताप विष्टले जानकारी दिए । भारी वर्षाका कारण मैदान जलमग्न भएपछि आयोजकले जमेको पानी हटाउने काम गरेको थियो ।

प्रतियोगिताअन्तर्गत् क्यामरुनी टोली एभिनियर फुटबल क्लब र चर्च ब्वाइज फुटबल क्लबबीचको चौथो तथा अन्तिम क्वाटरफाइनल खेल पनि आज अपरान्ह ४ बजे हुने भएको छ । आजको खेलमा बिजयी हुने दुवै टोलीले सेमिफाइनल यात्रा तय गर्नेछ । विजय युथ र जनजागृति क्लबबीचको विजेताले विभागीय टोली नेपाल पुलिस क्लबसँग भिड्ने छ । एभिनियर फुटबल क्लब र चर्च ब्वाइजबीचको विजेताले डिफेन्डिङ च्याम्पियन त्रिभुवन आर्मीसँग प्रतिस्पर्धा गर्ने निश्चित छ ।

यसअघि भएको पहिलो क्वाटरफाइनल खेलमा आर्मीले एपिएफ क्लबलाई ट्राइब्रेकरमा ५-४ गोलले हराउँदै सेमिफाइनलमा स्थान बनाएको थियो । दोस्रो क्वाटरफाइनल खेलमा पुलिसले मनाङ मर्स्याङदी क्लबलाई १-० ले पराजित गरेको थियो । मकवानपुरको १० पालिकाको सहयोग र फुटबल संघ मकवानपुरको आयोजना गोल्डकप भइरहेको हो । प्रतियोगितामा विजेताले १५ लाख र उपविजेता टोलिले १० लाख प्राप्त गर्ने छन् । विधागत उत्कृष्ट हुने खेलाडीले ट्रफिसहित नगद २५-२५ हजार प्राप्त गर्नेछन् । प्रतियोगिताका सर्वोत्कृष्ट खेलाडीले बुलेट बाईक प्राप्त गर्नेछन् ।

# युवा परिषद्को स्थापना दिवस




साझाकुरा संवाददाता

हेटौंडा, २५ जेठ/ बागमती प्रदेशको प्रदेश युवा परिषद्ले पहिलो स्थापना दिवस मनाएको छ ।

परिषद्को कार्यालयमा बुधवार औपचारिक कार्यक्रम गरी स्थापना दिवस मनाइएको हो । प्रदेशका युवा तथा खेलकुद मन्त्री रत्नप्रसाद ढकालको प्रमुख आतिथ्यता तथा परिषद् उपाध्यक्ष सन्तोष चौलागाईंको सभाध्यक्षतामा कार्यक्रम गरिएको थियो ।

स्थापना दिवसको अबसरमा परिषद्ले रक्तदान र हेटौंडा अस्पतालमा बिरामीहरुलाई फलफूल वितरण गरिएको थियो । मन्त्री ढकालले युवाहरुलाई रोजगारीको ग्यारेन्टीसहित तालिम दिनका लागि तयारी गर्ने प्रतिबद्धता जनाएका छन् ।

उनले प्रत्येक स्थानीय तहमा युवाहरुलाई स्वयंसेवकका रुपमा परिचालन गर्नुपर्ने बताए । युवाहरुलाई उत्पादनमा जोड्नुपर्ने ढकालको भनाइ छ । उपाध्यक्ष चौलागाईंले प्रदेश युवा नीति तयार भइरहेको बताए ।

कार्यक्रममा प्रदेशका पूर्वमन्त्री चन्द्र लामा, प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामी, हेटौंडा-४ का वडा अध्यक्ष नवीन सिग्देल, जिल्ला युवा समिति मकवानपुरका अध्यक्ष सुमन पाखिनलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

# जिससको निर्वाचन गर्न आयोगलाई सिफारिस



साझाकुरा संवाददाता

हेटौंडा, २५ जेठ/ जिल्ला समन्वय समिति (जिसस) मकवानपुरको निर्वाचन गराउन निर्वाचन आयोगलाई सिफारिस गरिने भएको छ ।

जिससको बुधबार बसेको बैठकले निर्वाचन गराउन निर्वाचन आयोगलाई सिफारिस गर्ने निर्णय गरेको हो । ज्येष्ठ सदस्य देवकृष्ण पुडासैनीको अध्यक्षतामा बसेको बैठकले ९ सदस्यीय समिति गठन हुने गरी निर्वाचन प्रक्रिया सम्पन्न गराइदिन निर्वाचन आयोगसमक्ष सिफारिस गर्ने निर्णय छ ।

त्यस्तै, बैठकले जिससका पूर्व पदाधिकारीहरुहरुलाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरेको छ भने स्थानीय तहको निर्वाचन २०७९ सम्पन्न गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको भन्दै मुख्य निर्वाचन अधिकृतसहित निर्वाचन अधिकृतहरु र मतदान अधिकृतसहित निर्वाचन प्रक्रियामा सहभागी सबैलाई धन्यवाद ज्ञापन गरेको छ ।

जिससको निर्वाचनमा मकवानपुरको १० वटा पालिकाका प्रमुख र उपप्रमुख गरी कूल २० जना मतदाता रहने व्यवस्था छ ।

स्थानीय निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिहरुको संख्या हेर्दा नेपाली कांग्रेसको ९, नेकपा माओवादी केन्द्रको ७, नेकपा एमालेको ३ र नेकपा एकीकृत समाजवादीको १ जना मतदाता रहेका छन् ।

# आन्दोलनमा नयाँ उचाईमा पुऱ्याइने: पौडेल

साझाकुरा संवाददाता




हेटौंडा, २५ जेठ/ नेपाल कम्युनिष्ट पार्टीका केन्द्रीय सदस्य तथा मकवानपुरका इन्चार्ज सन्देश पौडेलले मुलुकमा कम्युनिष्ट आन्दोलनले नयाँ उचाई लिनेमा विश्वास व्यक्त गरेका छन् ।

पार्टी मकवानपुर कमिटीको २१ औं पूर्ण बैठकलाई सम्बोधन गर्दै पौडेलले कम्युनिष्ट आन्दोलनलाई नयाँ उचाईमा पुऱ्याउने बताएका हुन् । हेटौंडामा बसेको बैठकमा प्रमुख अतिथि रहेका पौडेलले विगतमा भएका काम कारबाहीलाई आत्मसात गर्दै कम्युनिष्ट आन्दोलनलाई अगाडि बढाउनु पर्नेमा जोड दिए ।

पार्टी बैठकमा जिल्लाका सबै सदस्यहरुले आ-आफ्नो कार्यक्षेत्रको रिपोर्ट पेश गरेका थिए । बैठकमा पार्टीको ८ औं केन्द्रीय समितिको १३ औं पूर्ण बैठकले पारित गरेको निर्णयहरु समावेश गरेको परिपत्र वाचन गरिएको थियो । नेकपा मकवानपुरको २१ औं पूर्ण बैठकमा गत चैत्र २६ मा बसेको जिल्ला समितिको २० औं पूर्ण बैठकले निर्णय गरेको कार्य सम्पादन सम्बन्धी समिक्षात्मक विश्लेषण पनि भएको छ । बैठकले आगमी दिनमा हुने पार्टीको ९ औं महाधिवेशनको तयारीका लागि विशेष निर्णय गरेको छ ।

नेकपा मकवानपुरले मुलुकमा हुने क्रान्तिका क्रममा आइलाग्ने जस्तोसुकै परिस्थितिको पनि सामना गर्दै अघि बढ्ने प्रतिबद्धतासमेत व्यक्त गरेको छ ।

क्रान्तिप्रेमी सबै पार्टी पंक्ति र जनसमुदायलाई एकसाथ लिएर जानुपर्नेमा जोड दिइएको छ । जिल्ला सेक्रेटरी वाटरको अध्यक्षतामा ४५ सदस्यीय जिल्ला समितिको २१ औं पूर्ण बैठक बसेको हो ।

## सेफ्टी ट्यांकीमा खसेर दुईको मृत्यु



भरतपुर, २५ जेठ/ भरतपुर महानगरपालिका-१९ तमु टोलमा बुधबार साँझ सेफ्टी ट्यांकीमा खसेर दुई जनाको मृत्यु भएको छ । स्थानीय रामप्यारी गुरुङको घरमा सेफ्टी ट्यांकी सफा गर्ने क्रममा उनीहरूको मृत्यु भएको हो ।

जिल्ला प्रहरी कार्यालय चितवनले दिएको जानकारीअनुसार मृत्यु हुनेमा कपिलवस्तुको शिवराज नगरपालिका-९ घर भएका २४ वर्षीय छतिराम चौधरी र २३ वर्षीय रामु भनेर चिनिने डाक्टर चौधरी रहेका छन् ।

सफाइ गर्ने क्रममा छतिराम चिप्लिएर ट्यांकीमा खसेपछि उद्धार गर्न ट्यांकी भित्र पसेका उनका भिनाजु नाता पर्ने डाक्टर चौधरीको पनि ट्यांकीमा पसेर मृत्यु भएको हो । उनीहरू लामो समयदेखि चितवन र आसपासका क्षेत्रमा ट्यांकी सरसफाइ गर्ने काम गर्दै आएका थिए ।

# बलात्कृत बालिका होस्टाइल



काठमाडौं, २५ जेठ/ घरेलु कामदारको रूपमा रहेकी १४ वर्षीया बालिकाले बलात्कार मुद्दामा बयान फेरेकी छन् । ललितपुरको एक घरमा काम गर्दै सरकारी विद्यालयमा पढ्नेती बालिकाले प्रहरीसमक्ष घरधनीले लामो समयदेखि बलात्कार गरेको बताएकी थिइन् ।

सातदोबाटो वृत्तमा लिइएको प्रारम्भिक बयानकै शैलीमा १६ चैतमा उनले प्रहरी परिसर ललितपुरमा पनि आफूमाथि घरधनीका छोराले तीन वर्षयता बलात्कार र यौन हिंसा गरेको भन्दै जाहेरी दिएकी थिइन् । प्रहरीमा जाहेरी दर्ता हुन नदिन आरोपित परिवारले सुरुदेखि नै पीडित बालिका र उनका परिवारलाई दबाब दिँदै आएका थिए । मुद्दा दर्तालगत्तै प्रहरीले घरधनी सुशील चटौतलाई पक्राउ गरेर थुनामा राखेपछि आरोपित परिवारले बालिकालाई होस्टाइल गराउने प्रयास गरिरहेको थियो । सुरुवाती दिनमै पीडितलाई होस्टाइल गराउने प्रयास भएको भन्दै बाल अधिकार परिषद्ले राष्ट्रिय मानव अधिकार आयोगलाई पत्र लेखेको थियो ।

पछिल्ला दिनमा पीडित बालिका नै आरोपितको परिवारसँगै गाडीमा अदालत आउने गरेको देखिएको सरकारी वकिल कार्यालय स्रोतको भनाइ छ । १६ जेठमा बालिका अदालतमा बयान दिने क्रममा बेहोस भएपछि उनलाई सिभिल अस्पताल पुऱ्याइएको थियो । १७ जेठमा अदालतमा बकपत्र दिने क्रममा भने बालिकाले प्रहरीमा दिएको बयान बदलिन् । उनले अदालतमा आफूलाई अभियुक्त सुशिल चटौतले बलत्कार नगरेको बरु उनको श्रीमतीले यातना दिएको बताइन् । अदालतका एक कर्मचारीले पीडित पक्ष नै प्रतिवादीको गाडीमा सँगै आएको दृश्यले नै आफूहरु अचम्मित भएको बताए । बारम्बार प्रतिवादी चटौतका आमा र परिवारका अन्य सदस्यसँगै बयानका लागि पीडित बालिका आउनुबाटै मुद्दा प्रभावित भएको सरकारी वकिलको कार्यालयको बुझाई छ ।



**HETAUDA CITY HOSPITAL PVT.LTD.**

*Hetauda-1, Sub-metropolitan*

***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

**पार्टी गर्दै हुनुहुन्छ ?**

शुभ-विवाह, ब्रतबन्ध, हरेक प्रकारका पार्टी, सभा, सेमिनार तथा गोष्ठीका लागि हामीलाई सदैव सम्झनुहोस् ।

**जय गणेश पार्टी प्यालेस प्रा.लि.**

हेटौंडा उपमहानगरपालिका-५, अब्बलडाँडा सानोपोखरा, मकवानपुर

९८५५०२७५१२ (अनिष वाग्ले)

**जैविक मलका फाइदाहरू**

रासायनिक मल तथा रासायनिक विषादिले बालीनालीको विकास केही हद्सम्म गरेको भएता पनि केही समयको लगातार प्रयोगपछि त्यसले माटोमा भएको प्रभावकारी जीवाणुहरुलाई प्रदुशित बनाई इन्जाईम प्रकृयालाई अबरुद्ध गरेको छ, जसको कारणले माटोमा भएका सबै प्रकारका प्रभावकारी जीवाणु व्याक्टेरियाको विनास भई माटो अम्लीय हुने, माटोमा पानी अड्ने क्षमतामा ह्रास आई चिस्यान कम हुने, बिरुवाको जरा माटोमा प्रभावकारी तरिकाले फैलन नपाउने, बिरुवाले आवश्यक खाद्यतत्व पूरा गर्न नसकी बिरुवा कमजोर हुने, बढ्दो जलवायु परिवर्तन र सो ले पारेको पर्यावरणीय असरमा कमी नआउने, वातावरण प्रदषित क्रम बढ्दो मात्रामा रहने, विभिन्न प्रकारका रोगहरु लाग्ने तथा किरा नियन्त्रणको लागि रासायनिक विषादि प्रयोग गर्दै जाँदा ती शत्रु जीवाणुहरुमा विष पचाउने क्षमतामा बृद्धि भई प्रत्येकपटक विषादिको मात्रा बढाउँदै लैजानुपर्ने अवस्था, जसको कारण आज मानिस प्रत्येक खाद्य सामग्री कृषि उपज विषादियुक्त खान बाध्य छ । फलस्वरुप मानवमा विभिन्न प्रकारका रोगहरुको महामारी फैलिएको छ ।

*त्यसैले जैविक मल नै प्रयोग गरौं । स्वस्थ कृषि उपज उत्पादनमा जोड दिऔं*

**सामुदायिक कृषि सहकारी संस्था लि.**

पाइने स्थान:

हेटौंडा-८, कमाने

९८५५०६९०८६ राजेन्द्र ढकाल

**मोटरसाइकल हरायो**

निम्न व्यहोराको मोटरसाइकल २०७९ साल जेठ २४ गते हेटौंडा-२ पल्पसा हलस्थित नोबल होटल अगाडि पार्किङ्ग गरिरहेको अवस्थाबाट बेलुका ८:३० बजेको बिचमा हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न फोन नम्बरमा खबर गरिदिनु हुन अनुरोध गरिन्छ ।

**मोटरसाइकल नम्बर:** बा प्र-०३-००५ प ९९३
**मोटरसाइकल धनीको नाम:** हुलास फिन सर्भ लि. (ऋणी रोहित लो)
**मोटसाइकलको ब्राण्ड (नाम):** NS पल्सर, २०० सीसी
**मोटरसाइकलको रंग:** सेतो
**मोटरसाइकल बनेको वर्ष:** सन् २०२१
**चेचिस नम्बर:** MD2A36FX8MCA84489
**इन्जिन नम्बर:** JLXCMA37400
**सम्पर्क फोन नम्बर:** ९८१५२६५४८५





साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना